# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः २ मितिः २०७७/०२/२९


भाग — २

## रुपा गाउँपालिका कास्कीको साना किसान अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

## प्रस्तावनाः

देशमा बढ्दो जनसंख्या एंवम् शहरीकरणले गर्दा मासु, अण्डा, दुध, तथा दुग्धजन्य पदार्थको माग बढिरहेको छ । यस कारण दुधालु गाई भैसी, भेडाबाख्रा, सुंगुर बंगुर तथा कुखुरापालन गर्ने कृषि फर्म, समूह वा सहकारीलाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न आ.व. २०७६/७७ को बजेटमा व्यवस्था भए अनुसारको कार्यक्रमलाइ व्यवस्थित गर्न रूपा गाउँ पालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि रूपा गाउपालिकाको मिति २०७७ जेष्ठ २५ गतेको निर्णयअनुसार देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम रुपा गाउँपालिका कास्कीको साना किसान अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ रहेको छ ।

२) यो कार्यविधि रुपा गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि रुपा गाउँपालिका भर लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क.कार्यविधि भन्नाले साना किसान अनुदान कार्यक्रम कार्यविधि २०७७ सम्झनु पर्नेछ ।

ख.शाखा भन्नाले रूपा गाउापालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग. **गाउँपालिका** भन्नाले रुपा गाउँपालिकालाई जनाउँदछ ।

घ. **वडा कार्यालय** भन्नाले रुपा गाउँपालिकाका प्रत्येक वडाहरूलाई जनाउँदछ ।

ङ.साना किसान अनुदान भन्नाले कृषि फर्म, समूह वा सहकारीलाई प्रोत्साहन गर्ने

उद्देश्यले गोठ खोर निर्माण/मर्मतका लागी तथा उन्नत नश्लको राागो, बोका खरिद गर्न पाउने रकम सम्झनु पर्नेछ ।

च.गाई भैसीको माउ बस्तु भन्नाले ३ बर्ष उमेर भन्दा माथिको गाई भैसि सम्झनु पर्नेछ।

छ.भेडाबाख्राको माउ बस्तु भन्नाले ८ महिना उमेर भन्दा माथिको भेडाबाख्रा सम्झनुपर्नेछ।

ज.सुँगुर, बंगुरको माउ बस्तु भन्नाले ८ महिना उमेर भन्दा माथिको सुँगुर,बंगुर सम्झनु पर्नेछ।

झ.फर्म भन्नाले कृषि/पशु फर्म सम्झनु पर्नेछ।

**३. कार्यक्रम संचालनको उद्देश्य :**

यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ ।

क) रुपा गाउँपालिकाको निति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारी र पारदर्शीरूपमा संचालन गर्ने ।

ख) अनुदान रकम दिएपछि प्रोत्साहनभइ पशुपालन व्यवसाय बृद्दि हुने ।

ङ) नश्ल सुधार तथा गोठ, खोर निर्माण गरी पशु बस्तुको आपुर्तिमा बृद्धि गर्ने ।

च) अण्डा, मासु तथा दुधको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन विधि

**४. कार्यक्रम संचालन** :

४.१. यो कार्यक्रमरुपा गाउँपालिकाको पशु सेवा शाखाद्वारा संचालन गरिनेछ ।

४.२. साना किसान अनुदान रकम उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाले १५ दिनको म्याद दिई **अनुसुचि १** अनुसार प्रस्ताव आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ। उक्त सूचना प्रत्येक वडा कार्यलयहरुको सूचना पाटीमा टाँस गरिनेछ ।

४.३.सूचना प्रकाशन पश्चात आवेदकले अनुसूचि २ अनुसारको निवेदनको साथ देहाय बमोजिमका कागजातहरु आ-आफ्नो वडा कार्यलयहरुमा पेश गर्नुपर्नेछ ।

क) नेपाली नागरिकताको प्रतिलिपि ।

ख) गा.पा. मा दर्ता भएको दर्ता प्रमाण पत्र ।

ग) समूहको हकमा कार्यसमितिको बैठकले अनुदान रकम  माग गर्ने भनि गरेको निर्णयको प्रतिलिपी ।

**५ कार्यक्रम संञ्चालन गर्ने आधार र मापदण्ड**

५.१. वडाले सिफारिस गर्दा अघिल्लो तथा चालु आ.व मा अन्य कुनै निकायबाट अनुदान नपाएका  फर्म/समुहलाई सिफारिस गर्नेछ र कम्तीमा देहाय बमोजिमका संख्यामा पशुपंक्षी रहेको हुनुपर्नेछ ।

क.कुखुरा: १००० कुखुरा पालेको फर्म ।

ख.भेडाबाख्रा: २० माउ बाख्रा पालेको फर्म ।

ग.गाई,भैसी: ८ माउ गाई,भैसी पालेको फर्म ।

घ.सँगुर, बंगुर :८ माउ सँगुर,बंगुर पालेको फर्म ।

**समूहको हकमा**

ङ.भेडाबाख्रा: २०० वा प्रति ब्यक्ति ५ वटा माउ बाख्रा पालेको कृषक समूह ।

५.२. साना किसान अनुदानका लागी  छनौट भएका फर्म/समुह ले नश्ल सुधार का लागी प्रोत्साहन  स्वरुप उन्नत किसिमको भाले पशु तथा गोठ, खोर निर्माण वा मर्मतका लागी खर्च गर्न सक्नेछ ।

# परिच्छेद ३
## छनौट प्रकृया र छनौट समिति

**६. छनौट प्रकृयाः**

६.१. वडाले सिफारिस गरेको फर्म/समुहलाई तपसिल बमोजिमको छनौट समितिको मुल्यांकनका आधारमा छनौट गरिनेछ।

७.**छनौट समिति** :

७.१.साना किसान अनुदान लागी छनौट समिति यस प्रकार हुनेछ ।

| क्र.स | समिति | पद | संख्या |
|---|---|---|---|
| १. | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ |
| २. | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ |
| ३. | पशु सेवा शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |

| | | | |
|---|---|---|---|
| ४. | आर्थिक प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ५. | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ६. | प्रा.स / ना.प्रा.स कृषि/पशु सेवा शाखा | सदस्य | १ |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य सचिव | १ |
| जम्मा | | | ७ जना |

७.२. उक्त समितिले बैठकमा बढीमा २ जना व्यक्तिहरूलाई आमन्त्रण समेत गर्न सक्नेछ ।

## ८. अनुदान रकम र भुक्तानी प्रक्रिया :

८.१.छनौट समितिले छनौट गरेकोफर्म/समुहलाई तपसिल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

क)कुखुरा: १००० वटा भन्दा धेरै कुखुरा पालेकोफर्मलाइ रू १५,०००।

ख)भेडाबाख्रा: २० वटा भन्दा धेरै माउ बाख्रा पालेको फर्मलाइ रू ३०,०००।

ग)गाई,भैसी: ८ वटा भन्दा धेरै माउ गाई,भैसी पालेको फर्मलाइ रू ३०,०००।

घ)सगुर, बंगुर :८वटा भन्दा धेरै माउ सुगुर, बंगुर पालेको फर्मलाइ रू ३०,०००।

**समूह/सहकारीको हकमा**

क.समूह/सहकारी भेडाबाख्रा: २०० वा प्रति ब्यक्ति ५ वटा माउ बाख्रा पालेको कृषक समूह/सहकारी लाई रू ३०,०००।

८.२.छनौट मा परेको फर्म/समूह/सहकारीले उन्नत किसिमको भाले पशु खरिद तथा गोठ, खोर निर्माण वा मर्मत गरेको फोटो तथा विल भरपाई र वडाको भुत्तानीका लागी सिफरिस ल्याइ गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

८.३. पशु सेवा शाखामा भुत्तानीका लागी फोटो तथा विल भरपाई र वडाको भुत्तानीका लागी सिफरिस ल्याएपछि शाखाबाट अनुगमन गरि सिफरिसका आधारमा भुक्तानि गरिनेछ ।

# परिच्छेद ४
# अनुगमन र विविध

**९. अनुगमन :**

९.१.साना किसान अनुदान रकम प्राप्त गरेको पशु फर्म/समूह ले गरेको काम गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारिले **अनुसूचि ३** अनुसारको अनुगमन गर्नेछ ।

**१०.विविध :**

साना किसान अनुदान कार्यक्रम तपसिल बमोजिमको क्रियाकलाप गरि सम्पन्न गर्नुपर्नेछ ।

| क्र.सं. | शीर्षक | लागत रकम रू | कैफियत |
|---|---|---|---|
| १ | अनुदान रकम | ४,६५,०००। | |
| २ | अनुगमन | २०,०००। | |
| ३ | समिति बैठक भत्ता | ९,०००। | |

| | | | |
|---|---|---|---|
| ४ | खाजा,खाना तथा भैपरी आउने | ६,०००। | |
| | **जम्मा** | **५,००,०००।** | |

**११. वाधा अड्काउ फूकाउ :**

यस कार्यविधिमा कुनै द्विवीधा भएमा सो को निरूपण पशु सेवा शाखा मार्फत गाउँपालिकाले गर्नेछ रयस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य कुराहरू बिद्यमान नर्म्स, कार्यबिधि र प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

**१२. संशोधन** : यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

# अनुसूची १
# साना किसान अनुदान कार्यक्रम सम्बन्धी सूचना को ढाचा।

## साना किसान अनुदान कार्यक्रम सम्बन्धी सूचना ।

रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ. व २०७६/७७ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको पशु सेवा शाखाका लागि साना किसान अनुदान कार्यक्रम अर्न्तगतव्यवसायिक फर्महरुका लागीगोठ खोर निर्माण, मर्मत तथा उन्नत सााडे, राागो, बोका खरिद गर्नको लागिअनुदान रकमदिनेकार्यक्रम रहेको हुादा तपसिल बमोजिमको कृषक समुह, कृषि /पशु फर्महरुहरूले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ बमोजिमको ढााचामा निवेदन आ-आफ्नोवडा कार्यालयमा पेस गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१.कुखुरा: १००० कुखुरा पालेको कृषि /पशु फर्म ।

२.भेडाबाखा: २० माउ बाखा पालेको कृषि /पशु फर्म ।

३.गाई,भैसी: ८ माउ गाई,भैसी पालेको कृषि /पशु फर्म ।

**समूहको हकमा**

१.समूह :भेडाबाखा: २०० वा प्रति ब्यक्ति ५ वटा माउ बाखा पालेको कृषक समूह ।

**<u>आवश्यक कागजातहरू:</u>**□

१. नेपाली नागरिकताको प्रतिलिपी ।
२. सम्बन्धीत वडाको सिफारिस ।
३. समुहको हकमा समूह दर्ता प्रमाणपत्र र अनुदान माग गर्ने निर्णयको प्रतिलिपी ।
४. फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र ।

**नोटः** यस आ.व.मा गाउँपालिका वा अन्य कुनैपनि निकायबाट अनुदान रकम पाएका कृषि /पशु फर्महरूलाई यो सुविधा उपलब्ध गराइने छैन र अघिल्लो आ.व. मा गाउँपालिकाबाट अनुदान नपाएका

सम्पूर्ण कृषि /पशु फर्म र समूहहरुलाई समाबेश गराईने छ ।

थप जानकारिको लागी फोन नं. ९८५६०७३१०४,९८४६५८४६३०,९८६१९१८७२९

# अनुसूची २

आबेदन फर्म मिति...............................
श्रीमान् वडा अध्यक्ष ज्यू,
रूपा गाउँपालिका
..... नं. वडा कार्यालय,
................ ।

विषयः साना किसान अनुदान रकम का लागी सिफारिस गरिदिनुहुन ।

महोदय,
उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित ............................................... कृषक समुह / कृषि सहकारी / कृषि फर्म ले साना किसान अनुदान अर्न्तगतको रकम का लागि रूपा गाउँपालिका कार्यालयको मिति ........................... मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेको छु / छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने नीति तथा कार्यविधिहरू सम्पुर्ण रूपमा बुझेका छौं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छौं । यसका लागि आवश्यक कागजातहरू समावेश

गरी पेश गरेको छु/छौं । तसर्थ उक्त कार्यक्रममा मलाई / हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

**निवेदक**
कृषक समुह / कृषि सहकारी /
कृषि फर्मको अध्यक्ष वा प्रतिनिधिको नाम:
आवेदकको नाम:
हस्ताक्षर:
सम्पर्क नं:

## अनुसूचि ३

## अनुगमनको ढाँचा

# रुपा गाउँपालिका पशु सेवा शाखाको आ.व. २०७६।७७ को ..............................कार्यक्रम छनौटको लागी अनुगमन विवरण ।

१. फर्म / समुहको नाम :

२. ठेगाना :

३. फोन नं. :

४. निवेदन दिएको कार्यक्रम :

५. पशु को जात :

६. पशु संख्या :

७. माउ संख्या :

८. बच्चा संख्या :

९. तालिम तथा अनुभव :

१०. कहिँ कतैबाट अनुदान पाएको नपाएको :

११. फार्मको क्षेत्रफल :

१२. अन्य :

१३. फार्म संञ्चालकको/समुह अध्यक्षको हस्ताक्षर :

अनुगमन गर्नेको नाम थर पद हस्ताक्षर

१.

२.

३.

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत